त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको सम्पर्क कार्यालय

सानेपा, ललितपुर ।

मिति: २०७४।०२।१८

## सूचना

यस अध्ययन संस्थानद्धारा शैक्षिक वर्ष २०७३।०७४ मा पक्लिहवा क्याम्पस, पक्लिहवामा संचालन हुने पशु चिकित्सा स्नातक तह तथा लमजुङ क्याम्पस, लमजुङ र पक्लिहवा क्याम्पस, पक्लिहवामा संचालन हुने वि.एस्सी. कृषि तहको भर्ना कार्यक्रम अ.ने.रा.स्व.वि.यु (क्रान्तिकारी) पक्लिहवा क्याम्पस इकाई समितिबाट गरिएको तालाबन्दीका कारण स्थगित रहेकोमा मिति २०७४।०२।१७ मा भएको यस अध्ययन संस्थान र पक्लिहवा क्याम्पस, लमजुङ क्याम्पस र पिजी क्याम्पस, कीर्तिपुरका विद्यार्थी संगठनका प्रतिनिधिहरु बिच विविध विषयमा सहमति भएकोले मिति २०७४।०२।१८ को यस अध्ययन संस्थानको भर्ना समितिको निर्णय अनुसार निम्न तालिका अनुसार भर्ना कार्यक्रमहरु पुन: संचालन हुने व्यहोरा सम्बन्धित सबै विद्यार्थीहरुलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै अब उप्रान्त पशु चिकित्सा स्नातक एवं कृषि स्नातक तहको प्रथम सत्रमा भर्ना हुने सबै विद्यार्थीहरुको सक्कल माईग्रेसन सर्टिफिकेट कार्यालयमा डिपोजिट गरिने भएकोले उक्त दुबै तहमा भर्ना भईसकेका विद्यार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो सक्कल माईग्रेसन सर्टिफिकेट अनिवार्य रुपमा डीनको सम्पर्क कार्यालय, सानेपामा बुझाउनु हुन यसै सूचनाद्धारा जानकारी गराउँदै भर्ना भएका र तोकिएको अवधिभित्र सक्कल माईग्रेसन सर्टिफिकेट बुझाउन नल्याउने विद्यार्थीहरुको कोटालाई रिक्त मानिने र तलबाट भर्ना नलिईने व्यहोरा जानकारी गराईन्छ । अब उप्रान्त भर्ना हुन आउने विद्यार्थीहरुको हकमा भर्ना हुन आउँदा आफ्नो सबै शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र माईग्रेसन सर्टिफिकेट समेत साथमा लिई उपस्थित हुनु पर्नेछ । सबै सक्कल प्रमाणपत्रहरु रुजु गरिसकेपछि सक्कल माईग्रेसन कार्यालयमा नै डिपोजिट गरिने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**भर्ना तालिका: वि.एस्सी.कृषिको मेरिट कोटा**

| क्र.सं. | नामावली | भर्ना शुरु मिति | अन्तिम भर्ना मिति |
|---|---|---|---|
| १. | दोस्रो नामावली | २०७४।०२।२५ | २०७४।०२।२८ |
| २. | तेस्रो नामावली | २०७४।०२।२९ | २०७४।०२।३१ |

**भर्ना तालिका: वि.भि.एस्सी. एण्ड ए.एच. तहको IDF तथा Staff कोटा**

| क्र.सं. | नामावली | भर्ना शुरु मिति | अन्तिम भर्ना मिति |
|---|---|---|---|
| १. | प्रथम नामावली | २०७४।०३।०१ | २०७४।०३।०४ |
| २. | दोस्रो नामावली | २०७४।०३।०५ | २०७४।०३।०७ |
| ३. | तेस्रो नामावली | २०७४।०३।०८ | २०७४।०३।०९ |

**भर्ना तालिका: वि.एस्सी.कृषिको IDF तथा Staff कोटा**

| क्र.सं. | नामावली | भर्ना शुरु मिति | अन्तिम भर्ना मिति |
|---|---|---|---|
| १. | प्रथम नामावली | २०७४।०३।११ | २०७४।०३।१५ |
| २. | दोस्रो नामावली | २०७४।०३।१६ | २०७४।०३।१९ |
| ३. | तेस्रो नामावली | २०७४।०३।२० | २०७४।०३।२२ |

..............................

प्रा.डा केशवराज अधिकारी

(डीन)

रामपुर: फोन:०९७७-५६-५९११४१, फ्याक्स:५६-५९१०२१ काठमाण्डौ :०९७७१-४३३३९०२, ई-मेल:dean@iaas.edu.np **Website:** www.iaas.edu.np